## आगन्तुक भ्रमण

काँक्रेविहार मन्दिरको वनावट, प्राचीन शैली र पुरातात्विक एवं पर्यापर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठानिएको यस ऐतिहासिक सम्पदा र स्थान अवलोकनको लागि महिना प्रति महिना आन्तरिक तथा बाह्य आगन्तुकहरुको घुइचो बढ्दै गएको छ । चालु आ.व. २०७८।०७९ को जेठ मसान्तसम्म डिभिजन वन कार्यालयमा प्राप्त तथ्यांक अनुसार २,१२,०२४ आगन्तुकहरु अवलोकन गर्न आएको र उनीहरुको प्रवेश शुल्कबाट रु ११,०१,८४० (एघार लाख एक हजार आठ सय चालिस रुपैंया) रकम संकलन भएको छ ।

## समस्या तथा चुनौति

- सिसा तथा प्लाष्टिक बोतल र झोला, मेघाश्री, चकलेट च्विगम, चाउचाउ, विस्कुट अन्य प्लाष्टिक जन्य फोहोर ।
- साघुरो सडकमा निजी सवारी साधनहरुको जाम, यसबाट सृजित ध्वनी तथा वायू प्रदुषण र पार्किङ्ग समस्या ।
- जरायोबाट आहारको लागि धानवालीको र खारचाट (नुनखनिज चाट) को लागि घरआँगनको क्षति ।
- भुसाहा कुकुरको जरायो लखेटाइ ।

## अगाडिको बाटो

- काँक्रेविहार भित्र निजी सवारी साधनहरुलाई प्रवेश निषेध गर्नु पर्ने । यसको लागि काँक्रेविहार क्षेत्र बाहिर सशुल्क पार्किङ्ग क्षेत्रको व्यवस्थापन गर्नु पर्ने र आगन्तुकहरुको आवतजावतको लागि कम्तिमा २ वटा ध्वनी प्रदुषण रहित वातावरणमैत्री (सम्भव भएसम्म विद्युतीय) सवारी साधन (भ्यान) को व्यवस्थापन गर्नु पर्ने ।
- काँक्रेविहारलाई पुरातात्वीक बगैंचा र प्राकृतिक चिडियाखानाको रुपमा विकास गर्दै लैजानु पर्ने ।
- प्लाष्टिकजन्य सामानहरुलाई लैजान दुरुत्साहित गर्नु पर्ने । फोहोर व्यवस्थापनको लागि आगन्तुक स्वयमलाई सजग र जिम्मेवार बनाउन विशेष पहल गर्नु पर्ने । सृजित फोहोरलाई दैनिक व्यवस्थापन गर्न आवश्यक प्रवन्ध मिलाई निरन्तर सफासुग्घर राख्नु पर्ने ।
- जंगल सफारी र प्रभातकालीन पैदल यात्राको लागि प्रकृतिमैत्री सडक तथा विश्रामस्थल सहितको पदमार्ग निर्माण गर्नु पर्ने ।
- जरायो काउण्टिङ्ग गरी संख्या एकिन गर्नु पर्ने र यिनको वासस्थान अध्ययन गरी काँक्रेविहार वनको जरायो व्यवस्थापनको लागि वहन क्षमता (Carrying Capacity) आँकलन गर्नु पर्ने । सोही अनुसार वासस्थान सुधार र जरायो संख्या बीच तादम्यता कायम गरिनु पर्ने ।
- खडेरीमा जरायोको मुख्य वासस्थानमा नै पानीपोखरी र खनिज चाट (Mineral Lick) को व्यवस्था गर्नु पर्ने । भुस्याहा कुकुरलाई नियन्त्रण गर्नु पर्ने र काँक्रेविहारसँग जोडिएका निजी नम्बरी आवादीहरुमा जरायोले नखाने बालीको खेतीउत्पादनलाई प्रोत्साहन गर्नु पर्ने ।
- सडक तथा पैदलमार्ग दाँयाबाँया सौन्दर्यवर्द्धक बोटविरुवा तथा रुख प्रजातिहरुलाई प्रवर्द्धन गरिनु पर्ने र भित्री जंगलको Wilderness कायम गर्नु पर्ने ।

समग्रमा काँक्रेविहारलाई संरक्षण, विकास र प्रबर्द्धन गर्दै यसको आर्थिक उपयोग एवम् पर्यटनको मुख्य गन्तव्यको रुपमा विकास गर्न हामी सबै सरोकारवालाहरु सदैव सजग र जिम्मेवार रहौं । यसको लागि डिभिजन वन कार्यालय, सुर्खेत सम्बन्धित सबैलाई हार्दिक अपिल गर्दछ ।

# काँक्रेविहार वन संरक्षण क्षेत्र : एक परिचय



**डिभिजन वन कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. : ०८३-५२०२५४
इमेल : surkhetdfo@gmail.com
वेभसाइट : www.dfosurkhet.gov.np

## पृष्ठभूमि

काँक्रेविहार कर्णाली प्रदेशको मात्र होइन नेपालकै एक अद्वितिय ऐतिहासिक, पुरात्वातिक र साँस्कृतिक सम्पदा भएको स्थल हो । यो ठाँउ प्रदेश राजधानी वीरेन्द्रनगर (सुर्खेत=सुर+क्षेत्र=देवभूमि) उपत्यकाको बीच भागमा हवाइजहाज बसेको आकारमा रहेको जंगलको बीच भागको उच्चतम स्थलमा अवस्थित छ । तासिएर कुदेका प्राचिन विशाल ढुंगाबाट निर्मित मन्दिरको भग्नावशेष यसैमा रहेकोले यसको संरक्षणको लागि काँक्रेविहार वनलाई नै वन ऐन, २०४९ को प्रावधान अनुसार नेपाल सरकारले वि.सं. २०५९ बैसाख ३० गते देशकै पहिलो संरक्षित वनको रुपमा घोषणा गरयो । हाल वन ऐन, २०७६ बमोजिम यसलाई काँक्रेविहार वन संरक्षण क्षेत्र भनी चिनिन्छ ।

## प्रस्तर संरचना

काँक्रेविहारका ढुंगा–मुर्तिहरुमा अनेक किसिमका वुट्टाहरु कुदिएका छन् । यी मध्ये वुद्धको जन्म, वुद्धत्वज्ञान प्राप्ति, धर्मचक्र मुद्रा, श्रावस्ती चमत्कार, अभय मुद्रा, दान मुद्रा, बाँदरले चढाएको महलाई वुद्धले ग्रहण गरेको आदि दृष्यहरु प्रमुख हुन् । एकल ढुंगाको स्ल्याबमा वुद्ध भगवानको जीवन कथा दृष्य अंकित भएको पनि देखिन्छ (Sharma, D.R., 2006)। पञ्चरथशैलीको शिखराकार मन्दिरको शिरोभागमा प्रयोग गरिने आमलक, घटकलश र वीजपूरक प्रस्तरहरु पनि रहेका छन् । मन्दिरको अधिष्ठानमाथि शिखरभागसम्म उपयोग हुने ढुंगाहरुमा झैं अर्धचन्द्राकार फूलवुट्टा, चौकोणबुट्टा, कोण आमलक, अष्ठकुने चक्र, पत्र मालिका (कृतिम पत्रिपंक्ति), साना साना शीखर प्रसादहरु, हिडिरहेका हंशपंक्ति (सरोवर राजहंश) कुदिएका प्रस्तरहरु पनि देखिन्छन् । शिखरका अर्धजघाहरु भित्र प्रदशित हुने पद्मपाणिलोकेश्वर बसेको मुर्ति चित्रित ढुंगाहरु यस मन्दिरमा रहेका छन् । यसैगरी, गर्भगृहको भित्री माझछानामा प्रयोग गरिने महापद्म कुदिएको ढुंगा पनि छ । यसरी, भगवान वुद्ध र हिन्दु देवीदेवता (विष्णु, सरस्वती, पद्मा लगायत) हरुको मुर्ति कुदिएका ढुंगाहरुबाट निर्मित एउटै मन्दिर भएकोले काँक्रेविहारलाई हिन्दु र वौद्ध धर्मावलम्वीहरुको साझा मन्दिरको रुपमा लिने गरिएको छ र यसलाई धार्मिक सहिष्णुताको एक मात्र भौतिक प्रतिक मान्न सकिन्छ । यसर्थमा काँक्रेविहारको महत्व अद्वितिय छ ।

काँक्रेविहारको मन्दिर कहिले कसले निर्माण गरेको हो भन्ने कुराको तथ्यगत प्रमाण हालसम्म पनि भेटिएको छैन । यद्यपि यस किसिमको विशाल प्रस्तर संरचनाको मन्दिर निर्माण गरिने प्रविधि र क्षमता अशोक चल्लकै शासनकाल (१२५५–१२७८) मा मात्र थियो। यस आधारले यसको निर्माण १३ औं सताब्दीमा भएको र १६औं सताब्दीको अन्त्य तिर ठूलो भूकम्पका कारण भत्किएको अनुमान ईतिहासविदहरुबाट भएको पाइन्छ ।



पुरातत्व विभागका अनुसार सन २००४ मा नै काँक्रेविहार भग्नावशेषलाई जीर्णोद्धार तथा पुनर्निर्माण कार्यको थालनी भएको थियो तर केहि समय पछि उक्त कार्यलाई अलमलमा छोडियो । सन २०१५ मा पुन: विभाग र निर्माण कम्पनि बीच ३ वर्ष भित्र जीर्णोद्धार तथा पुनर्निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौतामा हस्ताक्षर भयो । ४ पटक म्याद थप गरेर वि.सं. २०७८ (सन २०२१ सेप्टेम्वर) मा यसको निर्माण कार्य सम्पन्न भयो । हाल यो मन्दिर पूर्व–पश्चिम तर्फ २१.४६ मिटर लामो र उत्तर–दक्षिण तर्फ २१.२६ मिटर चौडा छ । यसको गर्मगृह भित्री खाली भाग ६.१६X६.१६ वर्गमिटर छ । फाउण्डेसन लेभेल जमिनको सतहदेखि ३.३५ मिटर छ । १६ वटा भित्री पिलारहरुले भूइदेखि ४३.३५ मि. अग्लो शिखरशैलीको मन्दिर संरचनालाई मजवुद बनाइएको छ । उत्खननमा फेला पारिएका २०२८ वटै मुर्ति अंकित वास्तु अंश (प्रस्तर) लाई संरचना निर्माणमा उपयोग गरिइएका छन् ।

## जैविक विविधता तथा वन व्यवस्थापन योजना

करीव ७ कि.मि. को परिमिति भित्रको १७५.५ हे. (१५०.०८ हे. घना जंगल, ३.१० हे. घासेमैदान, ०.७६ हे. सिमसार, २०.२६ हे. झाडिवुट्यान, १.३० हे. मन्दिर क्षेत्र) क्षेत्रफलको काँक्रेविहार वन संरक्षण क्षेत्र भित्र साल, साज, सल्ला, सिसौं, मसला, आँप, अम्वा लगायत विभिन्न प्रजातिका वनस्पतिहरू पाइन्छन् । जरायो (संख्या एकिन नभए पनि अनुमानित ३० देखि ४० सम्म रहेको) को समूह वन्यजन्तु अवलोकनको लागि मूख्य आकर्षण हो । स्याल, खरायो, दुम्सी, बँदेल, रैथाने तथा माइग्रेटरी चरालगायत विभिन्न किसिमका अन्य वन्यजन्तुहरू पनि पाइन्छन् ।

तत्कालिन जिल्ला वन कार्यालय, सुर्खेतले तयार गरी वन विभागले मिति २०६८।१२।३० गते स्वीकृत गरेको काँक्रेविहार वनको १० वर्षे (२०६८-२०७८) व्यवस्थापन कार्ययोजनाको अवधि हाल समाप्त भएको छ । आ.व. २०७९।०८० प्रथम चौमासिक भित्र नयाँ वन व्यवस्थापन कार्ययोजना तयार गरी लागू गर्नु पर्ने स्थिति रहेको छ । वन ऐन, २०७६ को दफा १६ (३) बमोजिम यस वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।